JOIN IELTS CLASSES
MORNING | DAY | EVENING
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ३१ गते मंगलबार ❑ 13 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## आगामी आवमा अर्थतन्त्र २.७ प्रतिशतले वृद्धि हुने विश्व बैंकको प्रक्षेपण

**रासस**
**काठमाडौं, ३० चैत**

निरन्तर खुकुलो गर्दै लगिएको सामाजिक दूरीको मापदण्ड र प्राथमिकता प्राप्त जनसङ्ख्यामा खोप लगाउने कार्य शुरु भएसँगै २०७८ मा २.७ प्रतिशतले नेपालको अर्थतन्त्र वृद्धि हुने प्रक्षेपण गरिएको छ।

विश्व बैंकका अनुसार पछिल्लो समय मनसुनमा देखिएको अनुकूलताका कारण कृषि उत्पादन पनि राम्रो हुने अपेक्षा छ । कोभिड-१९ पश्चात् को पुनर्लाभिलाई तीव्रता दिन र नेपाललाई हरित, उत्थानशील र समावेशी विकासतर्फ अगाडि बढाउन निर्यात दरिलो क्षेत्र हुनसक्ने विश्व बैंकको पछिल्लो नेपाल विकास अपडेटमा उल्लेख छ। प्रतिवेदनका अनुसार कोभिड-१९ पछिको पर्यटन बजारसँग समाञ्जस्य हुनेगरी सुधार नगरेसम्म पर्यटन क्षेत्रको पुनरोत्थान पूर्ण रूपमा नहुन सक्छ । आयात र विप्रेषणमा सामान्य सुधार हुने र निर्यात यथास्थितिमा रहन सक्ने विश्लेषणका आधारमा आर्थिक वर्ष २०७८/७९ मा चालु खाता घाटा घट्न गई कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को १.२ प्रतिशत पुग्ने अनुमान गरिएको छ। राजश्व सङ्कलन लक्ष्यअनुसार हुन सक्ने सम्भावना न्यून भएको र आर्थिक राहतका उपाय, खोप कार्यक्रम र आयोजना पुनः सञ्चालनमा ल्याउन लाग्ने अतिरिक्त खर्चले आर्थिक वर्ष २०७८/७९ को वित्तीय घाटा बढाएर सो आर्थिक वर्षको जिडिपीको सात प्रतिशत नजीक पुऱ्याउने देखिन्छ । सरकारले कोभिड-१९ को प्रभाव र यसका कारण देखापर्न सक्ने जोखिमलाई सम्बोधन गर्ने कार्यक्रम रेखाङ्कित गरिसकेको अवस्थामा नेपाल विकास अपडेटले उत्थानशील आर्थिक पुनर्लाभिका लागि निर्यातको प्रतिस्पर्धी क्षमतामा सुधार ल्याउनु महत्वपूर्ण हुनेमा जोड दिएको छ। "नेपालको उपयोग गर्न सकिने सम्भावित निर्यात क्षमता ९.२ अर्ब अमेरिकी डलर अर्थात् करीब रु ११ खर्ब बराबर अनुमान गरिएको छ, जुन हाल भइरहेको वार्षिक निर्यात व्यापारको १२ गुणा हो", विश्व बैंकका वरिष्ठ अर्थशास्त्री तथा अपडेटका प्रमुख लेखक डा केने इजेमेनारीले भने, "यो निर्यात क्षमताले उत्पादकत्व वृद्धिका लागि महत्वपूर्ण प्रभावसहित अनुमानित दुई लाख २० हजार नयाँ रोजगारी सिर्जना गर्ने अवसरको प्रतिनिधित्व गर्दछ। मध्यकालीन समयावधिमा यो सम्भाव्य क्षमतालाई हासिल गर्ने कुरा असम्भव पनि छैन्।"

प्रतिवेदनमा नेपालको निर्यात क्षमता हासिल गर्नका लागि जोड दिनुपर्ने छवटा प्रमुख प्राथमिकताहरू उल्लेख गरेको छ। "मानिसको जीवन, जीविकोपार्जन र व्यवसायमा गम्भीर असर पारेको यस कोभिड-१९ महामारीको विश्वव्यापी प्रभावका बीचमा नेपालको अर्थतन्त्र सुधारको बाटोमा रहेको अर्थमन्त्री, विष्णुप्रसाद पौडेलको भनाइ छ । उनले भने, "आर्थिक सुधारमा बल पुऱ्याउन निर्यातको सम्भाव्यतालाई बढावा दिन गरिएका सुझाव नेपालले अङ्गीकार गरेको नीति र प्राथमिकता अनुकूल नै छ। हरित,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## यो सरकार रहुन्जेल अराजक र सर्वसत्तावाद हावी हुन्छ नेता डा. कोइराला

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालालेजति दिन यो सरकार रन्हन्छ उत्तिनै अराजक र सर्वसत्तावाद हावी हुने बताएका छन् । प्रेस यूनियन कास्कीले सोमबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा वोल्दै नेता डा. कोइरालाले अहिलेको सरकारले संविधान मिच्ने काम गरेकोले यो सरकारको विकल्प आवश्यक भएको बताउदै यो सरकार रहन्जेल अराजक र सर्वसत्तावाद हावी हुने दाबी गरेका हुन्।




कांगेसको नेतृत्वमा सरकार बनायर निर्वाचनमा जानु पर्ने उनको भनाई थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले भने आफ्नो नेतृत्वमा निर्वाचन गराउन खोजेको नेता डा. कोइरालाले जनाए ।उनले भने "राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिती हेर्दा नेपाली कांग्रेसको नेतृत्व सवैले स्विकाछन्, यो सरकारकोविकल्प कांगेसले नै दिनुपर्छ ।" जनता समाजवादी पार्टी (जसपा) निर्वाचन खोजि रहेको बताएका नेता डा. कोइरालाले नेकपा एमालेसंग जसपाले जुन रुपमा गठवन्दन गर्न खोजेको छ त्यो प्रतिवादक हुन्छ की भन्ने आशंका समेत व्यक्त गरे । जसपाका मुद्धा कागेंसले स्विकार सिकेको बताएका उनले जसपा आएमा भोलि नै नयाँ सरकार बन्ने नेता डा. कोइरालाको भनाई थियो।

आउँदो भदौं ७ देखि १० गतेसम्म नेपाली कागेंसको १४ औं महाधिवेसन अब कसैले रोकेर रोक्न सक्ने अबस्था नभएको उनले जनाए। निर्वाचन मंसिरमा वा चैतमा हुनु पर्ने नेता डा. कोइरालाले बताए । संविधानलाई बचाउने जिम्मा यसलाई अघि बढाउने जिम्मा, संसदीय व्यवस्थालाई अगाडी लैजाने जिम्मा कागेंसको काधमा आएको कुरा बुझ्नु पर्ने उनले जनाए। संसद पुनः स्थापना भएको दिनबाटै राजिनामा माग्नु पर्ने काग्रेंसले ढिलै भए पनि प्रधानमन्त्रीको राजिनामा मागेको नेता डा. कोइरालाले बताए। कागेंसको नेतृत्वमातीन दलको बैठक भरखरै गरेको बताएका उनले कागेंस अब गम्भिर भएर लाग्नु पर्ने उनको भनाई थियो । संवैधानिक परिषदको जसरी अध्यादेश आयो र त्यो अध्यादेश पछि नियुत्तिहरु भए त्यसले कागेंस पार्टी सभापति पनि जनताको घेरामा त पर्नु भयो यो पक्कै हो, कागेंस प्रष्ट हुनु पर्यो, अध्यादेश ल्याउनु संविधान माथि प्रहार हो ।" अध्यादेश खारेज भए पछि नियुत्ति समेत खारेज हुने उनको भनाई थियो । संसद पुनः स्थापना भएसंगै ट्याक बाहिर गएको संविधान ट्याकमा आएको नेता डा. कोइरालाले बताए । संसद अनिर्णयको बन्दी बनि सक्यो एक महिना देखि संसदले कुनै बिजुनेस दिन नसकेको उनले दाबी गरे। विजुनेस संसद र सभामुखले दिने नसके पछि संसदको हौचित्य नै नभएको डा. कोइरालाले टिप्पढी गरे । काग्रेंसको महाधिवेसनमा सभापति बाहेक अन्य पदमा आफ्नो उमेदवारी नहुने उनले जनाए । उनले भने "विधि विधानलाइ टेक्नु पर्‍यो गरेको निर्णय पालना गर्नु पर्‍यो, ४ बर्षीय कार्यकाल सकेर पनि ६ महिना म्याद सहित पुनः ६ महिनाको समय सकिन लाग्यो अब कागेंसको महाधिवेशन हुनै पर्छ, विधानतह म कागेंसको केन्द्रिय सदस्य पदमा रहेको छैन् ।" केन्द्रिय सभापति देखि वडा अध्यक्षसम्मकाको विधानतह समय सिमा सकिएको नेता डा. कोइरालाले बताए। कृयाशिल सदस्यकहरुको अप्ठ्यारा भएको उनले जनाए। प्रेस यूनियन कास्कीका अध्यक्ष नविन सिग्देलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष प्रकाशचन्द्र सापकोटा, सचिव प्रदीप पौडेल लगायतले वोलेका थिए।

## गण्डकी प्रदेशमा सुरक्षा गोष्ठी

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेशको आयोजनामा गण्डकी प्रदेशमा सुरक्षा गोष्ठी आयोजना गरिएको छ।

प्रदेशका सबै जिल्लाबाट प्रमुख जिल्ला अधिकारीसहित चारवटै सुरक्षा निकायका प्रमुख सहभागी रहनुभएको आइतबारदेखि शुरु गोष्ठीको सोमबार गमलामा पानी राखेर गृहमन्त्री रामबहादुर थापाले औपचारिक उद्घाटन गरे।

गोष्ठीमा गृहमन्त्री थापासहित गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री रामशरण बस्नेतसहित चारवटै सुरक्षा निकायमा उच्च पदस्थ अधिकारीको उपस्थिति रहेको छ। गोष्ठीमा सबै जिल्लाबाट आएका सुरक्षा विश्लेषणका आधारमा गृह मन्त्रालयले सुरक्षासम्बन्धी नयाँ रणनीति बनाउने जनाइएको छ ।

गृह मन्त्रालयका अनुसार अन्य प्रदेशमा पनि छिट्टै सुरक्षा गोष्ठीको मिति तोकिने कार्यक्रम छ । गतवर्ष नै हुनपर्ने गोष्ठी कोरोनाका कारण रोकिएको थियो।

## ५५९ जना कोरोना संक्रमित थपिए

**रासस**
**काठमाडौं, ३० चैत**

देशभर पछिल्लो २४ घण्टामा थप ५५९ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय पाँच हजार १०५ जनाको स्वास्थ्य परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । चार हजार ३७८ जनाको पिसिआर र ७२७ जनाको एन्टीजेन परीक्षण गर्दा क्रमशः ४९६ र ६३ जनामा सङ्क्रमण पुष्टि भएको हो । तीमध्ये सबैभन्दा बढी काठमाडौँमा १५९, ललितपुरमा ४४ र बाँकेमा ४१ जना रहेका छन् । योसँगै नेपालमा अहिलेसम्म कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ८० हजार ५२४ पुगेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा उपचारपछि निको भएर घर फर्किनेको सङ्ख्या १३८ रहेका छन् । योसँगै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विद्यालय बन्द नगर्न सरकारलाई सुझाव

**रासस**
**काठमाडौं, ३० चैत**

कोरोना सङ्क्रमणको जोखिमबाट बच्न भन्दै विद्यालय बन्द नगर्न सरोकारवालाले सरकारलाई सुझाव दिएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा आज आयोजना गरेको छलफलमा सरोकारवालाले कोरोना सङ्क्रमण जोखिमलाई न्यूनीकरण गर्न सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न सुझाव दिएका हुन्।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष अशोककुमार ब्यान्जू श्रेष्ठले कोरोनाको महामारी देखाएर केन्द्र सरकारले विद्यालय बन्द गर्न निर्णय नगरी स्थानीय सरकारलाई जिम्मा दिनुपर्ने बताए । उनले कोरोना सङ्क्रमणको जोखिम कुनै ठाउँमा पऱ्यो भन्दैमा केन्द्र सरकारले सबै ठाउँका विद्यालय बन्द गर्न नहुने र त्यसको अधिकार स्थानीय सरकारलाई दिनुपर्नेमा जोड दिए।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याप्सन) का अध्यक्ष टीका पुरी र राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (एन प्याप्सन) का महासचिव सुवास न्यौपानेको पनि जोखिम न्यूनीकरण गर्न सावधानी अपनाउनुपर्ने तर विद्यालय बन्द नगर्ने सुझाव थियो । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले कोरोनाको प्रभाव सबैतिर एकनास नहुने भएको हुँदा क्षेत्रगत रुपमा निर्णय लिनुपर्ने सुझाव दिए। सामुदायिक विद्यालय केन्द्रीय महासङ्घका अध्यक्ष कृष्ण थापा र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष भीमप्रसाद सुवेदीले स्वास्थ्य सुरक्षाका मापदण्डलाई कडाइका साथ पालना गरेर विद्यालय सञ्चान गर्न सुझाव दिए।

## नयाँ वर्षमा प्रविधिमैत्री जाउँ है पोखरा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

पश्चिमाञ्चल होटल संघ पोखराले यसपटक नयाँ बर्षका अवसरमा प्रविधिलाई विशेष प्राथमिकतामा दिँदै जाउँ है पोखरा अभियान संचालन गर्ने भएको छ ।

कोभिड- १९ को संक्रमणका कारण यसपटक भौतिक महोत्सव आयोजना नगरी प्रविधिमा आधारित क्यूआर कोडलाई प्रोत्साहन गर्दै जाउँ है पोखरा अभियान संचालन गरिएको संघका अध्यक्ष विकल तुलाचनले विज्ञप्ति जारी गरी जानकारी दिएका छन् ।

विज्ञप्तिमा भनिएको छ- 'हाल सघंले नयाँ वर्ष २०७८ को अवसरमा पोखरा र यस क्षेत्रमा आन्तरिक पर्यटनको आगमन वृद्धि गर्न इ-सेवा र फोन पे प्रा.लि.सँग सहकार्य गरी 'यो नयाँ वर्ष जाउँ है पोखरा' भन्ने दुई दिने डिजिटलमैत्री अभियान संचालन गरेको छ । जस अन्तरगत ५५ वटा बैंक तथा वित्तिय संस्थामा आबद्ध १ करोड साठी लाख ग्राहक सम्म पुगी अभियानले सार्थकता पाउने विश्वास रहेको छ । नेपाल राष्ट्र बैंकको प्रविधिमैत्री र खासगरी क्यासलेस भुक्तानी अभियानलाई प्रोत्साहन गर्न संघले नयाँ वर्षको अवसरमा २०७७ चैत्र ३१ गते र नयाँ वर्ष १ गते सदस्य होटल प्रतिष्ठानमा बस्ने पाहुनाले क्यू आर कोड मार्फत भुक्तानी गर्दा होटल प्रतिष्ठानको प्रकाशित दररेटमा चालिस प्रतिशत छुट र क्यूआर मार्फत भुक्तानी गर्दा विभिन्न बैंकले पाहुनालाई अतिरिक्त क्यास ब्याक दिनेछन् ।'

यसैगरी नयाँ वर्षको अवसरमा पोखरामा रहेका होटल प्रतिष्ठानहरुले छुट्टा छुट्टै तवरबाट विभिन्न छुट तथा सहुलियतका आकर्षक प्याकेजहरु सार्वजनिक गरेको र ती बाट समेत लाभ लिन संघले आग्रह गरेको छ । पोखरा र यस वरपरको पर्यटन प्रबर्द्धनका लागि संघले विगत लामो समयदेखि फेवा नव बर्ष महोत्सव आयोजना गर्दै 'पर्यटन, संस्कृति र खाना' लाई जोड दिई १६ औं संस्करणको महोत्सव सम्पन्न गरी सकेको समेत स्मरण गराइएको छ ।

सन् २०२० को डिसेम्बर अन्त्यबाट चीनको युनान प्रान्तबाट सुरु भएको कोभिड १९ ले नेपाल समेत नराम्रो गरी प्रभावित हुन पुग्दा गत बर्षको चैत ११ देखि सुरु भएको लकडाउनको कारण पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भई होटल क्षेत्रले ठूलो क्षती व्यहोर्नु परेको र सरकारद्धारा होटल तथा पर्यटन व्यवसाय संचालनको लागि अनुमति दिएता पनि अन्तर्राष्ट्रिय पर्यटकहरुको आगमन अत्यन्त न्यून भएको संघले जानकारी दिएको छ।

हालको आन्तरिक पर्यटकको आगमन हेर्दा पर्यटन व्यवसाय पुरानो लयमा फर्कन केही वर्ष लाग्ने निश्चित छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा कोभिडको महामारी कायम रहेको कारण नेपाल सरकारले भिडभाडजन्य गतिविधि, मेला महोत्सव आयोजना नगर्न र स्वास्थ्य सुरक्षामा विशेष सतर्कता अपनाउन गरेको अनुरोधलाई पालना गरी भौतिक महोत्सव स्थगित गरिएको भए पनि नयाँ वर्षको अवसरमा पोखरा आगमन हुने पर्यटकहरुलाई सदा झै सेवा सुविधा प्रदान गर्दै आतिथ्यता प्रदान गरिने भन्दै संघले पोखरा भ्रमणका लागि अनुरोध गरेको छ ।

सरकारद्धारा लकडाउनको अन्त्य तथा होटल तथा पर्यटन व्यवसाय संचालनका लागि अनुमति दिए सँगै आन्तरिक पर्यटन प्रवर्द्धन र यस क्षेत्रमा आर्थिक चलायमान बनाउन संघले भारतीय पर्यटक आगमन हुने पूर्वी नेपालका मुख्य शहरहरु विरगंज, विराटनगर र जनकपुर तथा पश्चिम नेपालका मुख्य शहरहरु नेपालगंज, धनगढी र महेन्द्रनगरमा आन्तरिक पर्यटन प्रबर्द्धनका लागि जाउँ है पोखरा अभियान सम्पन्न गरेको पनि स्मरण गराएको छ। कोभिडका कारण उत्पन्न यस विषम परिस्थितिमा होटल प्रतिष्ठानहरुले स्वास्थ्य र सुरक्षाका मापदण्ड अपनाउँदै होटल संचालन गरिरहेका र सुखद भविश्य प्रति आसावादी हुँदै नेपाली नयाँ बर्ष २०७८ को सबैमा हार्दिक शुभकामना समेत संघले व्यक्त गरेको छ ।




# शिक्षासेवी डिल्लीराम गौतमको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

पोखरा महानगरपालिका वडा नं १३ निवासी शिक्षासेवी तथा समाजसेवी डिल्लीराम गौतमको ६८ वर्षकोउमेरमाआइतवारनिधनभएकोछ।

वडा नं १३ पाटनवेशी स्थित ताराकुञ्ज सेकेन्डरी स्कूलका संस्थापक अध्यक्ष समेत रहेका गौतम सामाजिक हरेक क्रियाकलापमा सहभागी हुने सवै भन्दा ठूलो गुण



थियो उनको । बालकदेखि सहपाठी हुदै अभिभावकसम्म घुलमिल हुने गुणले सवैको आँखाको नानी बन्नु भएको थियो डिल्लीराम ।

वि.स २००९ साल भाद्र ४ गते जन्मेका गौतमको सयौं व्यक्तिहरुको उपस्थितिमा सोमवार रामघाटमा दाहसंस्कार गरिएको छ । दाहसंस्कारमा, समाजसेवी, दाजुभाइ आफन्त र शुभचिन्तकहरुको बाक्लो उपस्थिति रहेको थियो । स्व. गौतमको श्रीमती, तीन छोराहरु, चार नाति नातिना रहेका छन् ।

# ब्रेन हेमरेज (मस्तिष्क घात) बाट प्रभावित कायस्थको उपचारमा सहयोग गर्न आव्हान

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

पोखरा ३ का प्रताप कायस्थ हाल आफ्नो जीवन रक्षाको लागि सहयोगी दाताहरु समक्ष आव्हान गरेका छन्। ब्रेन हेमरेज (मस्तिष्क घात) बाट प्रभावित भएका ४५ बर्षीया कायस्थले आफ्नो जीवन रक्षाको लागि आर्थिक सहयोग गर्न आव्हान गरेका हुन् ।

रोजगारको लागि विदेश गएका कायस्थ आफ्नी छोरीलाई गुमाएसंगै स्वदेश फर्कियर काठमाण्डौंमा भाडा पसल संचालन गर्दै आउने क्रममा लकडाउनको समयमै एकाएक बेहोस भई बिरामी भई थलिएका उनी हाल आफ्नो उपचारको लागि सहयोगको हात फैलाएका छन्। पोखरा ३ स्थित राम कायस्थ आफन्तको घरमा हाल आश्रय लियर बसेका उनको हालसम्म उपचारमा करिब १५ लाख जसो खर्च भई एक लाख ऋण भएकोले हाल दैनिक रुपमा औषधि उपचार गर्न आर्थिक अभाव भएकोले उपचारमा सहयोग गर्न कायस्थले आग्रह गरेका छन्। विस्तारामैं लड्ने गरी थलिएका कायस्थले आफ्नो उपचार पश्चात निको भएमा जीवन भरी सामाजिक सेवा गर्ने इच्छा भएको भावना व्यत्त गरे।



प्रष्टसंग वोल्न र हिडडुल गर्न नसक्ने गरी थलिएका कायस्थाको रेखदेखमा उनका १३ बर्षीय छोरा अर्जुन श्रेष्ठ आफ्नो पढाई छाडेर बाबुको रेखदेखमा लागेका छन् । पहिला बाबुको उपचार त्यस पछि मात्र मेरो भविश्य हेर्नु पर्ला भनेका अर्जुनले आमाको आम्दानी नभएको र बाबुको रेखदेखमा चौबिसै घण्टा खटिनु परेकोले पढाई भन्दा बाबुको स्वास्थ्य ठुलो भएकोले बाबुको उपचारमा लागेको बताए । कोरोनाको कारण देशमा लकडाउन भएको अबस्थामा हात खुट्टा झमझम पार्दै एकाएक बेहोस भए पछि विभिन्न अस्पतालमा पुराउदै उनको उपचार गर्दै आउदा हाल एक लाख ऋण नै पुगेको कायस्थकी श्रीमती तिल माया श्रेष्ठले बताइन्। कायस्थ प्यारालाइसिस भएको हुदा उनलाई अपाङगताको प्रमाण पत्र हुदा उपचारमा खर्च कम हुने भएकोले उनी पोखरा आएका हुन्। कायस्थको औषधि तथा दैनिक फिजियो थेरापि गर्नु पर्दा करिब एक हजार ५ सय देखि २ हजार खर्च लाग्ने भएको उनकी श्रीमती श्रेष्ठले बताइन् ।

यसैबिच, कायस्थलाई बचाउन पोखराका युवा सहित विभिन्न व्यक्तिहरु एक जुट भएका छन्। अष्टमान प्रधानाङग्को अध्यक्षतामा प्रताप कायस्थ सहयोग समिति समेत गठन भएको छ। समितिको अन्य सदस्यहरुमा दिपु भारी, सुनिल उलक, बिष्णुशंकर ख्वाउजु, किरण तमारी, भाष्कर ध्वज श्रेष्ठ, अजय सुवाल, राजन श्रेष्ठ, खेम श्रेष्ठ, अनिस सुवास र किरण उदास रहेका छन् । समितिका अध्यक्ष प्रधानाङग्ले कायस्थको उपचारमा आवश्यक पर्ने रकम जोहो गर्न आफुहरुले स्वदेश तथा विदेशमा रहेका नेपालीहरु समक्ष नै आव्हान गरिएको जनाए ।

नेवाः देय दवु कास्की र पोखराको भिन्तुना युवा क्लवले कायस्थको उपचारको लागि सोमबार आर्थिक सहयोग हस्तान्तरण समेत गरेका छन्। भिन्तुना क्लवले ३० हजार २ सय ७३ नगद र ३४ हजार १ सय ९ रुपैया डिजिटल सिस्टम मार्फक खातामा जम्मा भएको रकम कायस्थ परिवारलाई क्लवका अध्यक्ष राजन श्रेष्ठले सोमबार पोखरामा हस्तान्तरण गरेका हुन्। त्यस्तै नेवाः देय दवु कास्कीले कायस्थ परिवारको उपचारको १० हजार रुपैया नेवाः दवु कास्कीका अध्यक्ष अष्टमान प्रधानाङग्, गण्डकी प्रदेश अध्यक्ष विश्णुशंकर ख्वाउजुले कायस्थ परिवारलाई सहयोग हस्तान्तरण गरेका हुन् ।

# क्षत्री समाज नेपाल बिखण्डन बिरुद्ध आन्दोलित

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

क्षत्री समाजनेपाल केन्द्रिय कार्यसमितिको पुर्ण बैठकद्धारा नेपालको राष्ट्रियता, धर्म सस्कृति बिरुद हुने गतिविधि विरुद लाग्न एक हुनुपर्ने निर्णय गरेका छ ।

आम समुदायको कुलदेवाताको प्रतिकको रुपमा मष्ठलाई मान्दै आएकोमा केही समुदायहरुले धर्मको रुपमा प्रचार गरिएको प्रति गंभिर आपत्ति जनाउदै सम्पूर्ण खस आर्यको धर्म हिन्दु भएको र जातिमा आफ्नो थर अनुसारको जातिनै उल्लेख गर्न बैठले आम खस आर्य समुदायलाई आहवान गरेको छ ।

पूर्ण बैठकले सिमाअतिकर्मण, जातिय राज्य, सरकारबाट दिएको जातिय आरक्षण खारेज गरी जनसंख्या को आधारमा समानुपातिक ब्यावस्था सहित बर्गीय आरक्षर्ण गर्न सरकारसंग पट्कपट्क माग गरेकोमा सुनवाई नभएको प्रति आपत्ति जनाउदै सो बिरुद्ध आन्दोलमा जाने निणर्य गरेको केन्द्रिय अध्यक्ष प्रा.डा. दिल बाहादुर क्षेत्रीले बताए ।



समग्र जाति र राष्ट्रिय अखण्डता बिरुद्ध हुने गतिविधिलाई रोक्न सम्पूर्ण नेपालीको एकताको आवश्यक रहेको केन्द्रिय उपाध्यक्ष कृष्ण बाहादुर थापाले बताए। सरकारले आम खस समुदायलाई बिखण्डन गराउने गरी राष्ट्रिय जनगणना धर्म हिन्दु जातमा क्षत्री लेख्न सम्पूर्ण जिल्ला, भातृ समाजहरुलाई आह्वान गरेको छ।

बहुजातिको सम्मान सहित जातिय राज्य बिरुद्ध समाज सधैव सजक रहेकोले समाजका सम्पूर्ण तह सक्रिय हुनुपर्ने महासचिव केस बाहादुर केसीले बताए। बैठकले राष्ट्रि नर्माता पृथ्वीनारायण शाह प्रति राज्यले सम्मान दिन नसकेको प्रति बिरोध गर्दै जातिय बिखण्डनका बिरुद्ध समाज सक्रिय हुनुपर्ने निर्बतमान अध्यक्ष प्रा.डा. चन्द्र बहादुर थापाले बताए।

समाजका केन्दिय अध्यक्ष प्रा.डा. दिल बहादुर क्षेत्रीको सभापतित्वमा भएको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष योगेन्द्र कार्की, सल्लाकार डा. नारयणसिहं कुवँर, उपाध्यक्ष लक्ष्मी पाण्डे, महासचिब केश बहादुर केसी, कोषाध्यक्ष रिबबहादुर थापा, सह-कोषाध्यक्ष अर्जुन बहादुर बस्नेत, खस आर्य संग्राहलय तथा क्षत्री बहुउद्देश्यीय भवन निमार्ण अनुगमन समितिका संयोजक कृष्ण बाहादुर थापा लगायतले समाजको बिबिध गतिविधिमाथि आ-आफ्नो भनाई राखेका थिए ।

# युट्युवलाई स्वनियमन गर्नुपर्नेमा महासंघका नवनिर्वाचित पदाधिकारीको जोड

**रासस**
**काठमाडौं, ३० चैत**

नेपालका अनलाइन टिभीहरूको शुद्धिकरण र सुदृढीकरण आफ्नो कार्यकालको प्राथमिकताको विषय भएको नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारीहरूले बताएका छन् ।

अनलाइन टीभी पत्रकार सङ्घले नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना दिन सोमबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा उहाँहरूले उदाउँदो सञ्चार क्षेत्रलाई तत्काल व्यवस्थापनको खाँचो रहेकोमा जोड दिए । कार्यक्रममा महासङ्घका नवनिर्वाचित अध्यक्ष विपुल पोखरेलले युट्युव पत्रकारितालाई नियन्त्रणका लागि सरकारलाई आह्वान गर्नुभन्दा स्वनियमनमाजानुउपयुक्तहुनेधारणाराखे।

"पत्रकारिता क्षेत्रलाई राज्यको नियन्त्रणभन्दा सञ्चार माध्यमले आफैँ नियमन गर्ने हिसाबले जानु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका दृष्टिकोणले उपयुक्त हुन्छ", अध्यक्ष पोखरेलले भने उनले अनलाइन टिभी पत्रकार संघले बनाएको स्वनियमन निर्देशिका उच्चस्तरको रहेको र त्यसलाई कार्यान्वयन गर्न सकेमा मुलुधारका पुराना सञ्चार माध्यमभन्दा अनलाइन टिभी क्षेत्र थप गुणस्तर हुने देखेको बताए ।

कार्यक्रममा महासंघकी महिला उपाध्यक्ष बाला अधिकारीले गाउँ-सहर, देश-विदेश जताततै अनलाइन टेलिभिजन लोकप्रिय हुँदै गएको तर यसको गुणस्तरमा भने सुधार गर्नुपर्ने अवस्था रहेको धारणा राखे ।

महासंघका एशोसिएट सचिव पवन आचार्यले महासङ्घले विधागत पत्रकारिताको विकासका लागि एशोसिएट सदस्यताको प्रावधान गरेकाले अनलाइन टेलिभिजन पत्रकार सङ्घलाई पनि एशोसिएट सदस्य बनाए यस क्षेत्रको विकासमा थप सजिलो हुने विश्वास व्यक्त गरे । रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमलाले न्यू मिडियालाई बेलैमा व्यवस्थापन गर्न सकिएन भने प्रेस स्वतन्त्रता नै खतरामा पर्न सक्ने चेतावनी दिनुभयो । न्यू मिडिया प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको नयाँ माध्यम भएकाले महासङ्घले यसको संरक्षणका लागि अभियान नै चलाउनुपर्नेमा उनले जोड दिए ।

सङ्घका अध्यक्ष जीवन भण्डारीले नवनिर्वाचित सबै केन्द्रीय पदाधिकारीलाई माला, खादा र अविर लगाएर बधाई तथा शुभकामना दिँदै सहकार्यका लागि आह्वान गरेका थिए । सङ्घले जारी गरेको स्वनियमन निर्देशिकालाई महासङ्घले पनि ग्रहण गरी सबै पत्रकारलाई यसबारेमाअभिमुखीकरणगर्नमहासङ्घले सहयोग गर्नुपर्ने उनको भनाइ थियो ।

# आगामी...

उत्थानशील र समावेशी विकासको एजेन्डामार्फत महाव्याधि पश्चात् को पुनर्निर्माणलाई थप उत्तम र वातावरणमैत्री बनाउन नेपाल सरकार विकास साझेदार र निजी क्षेत्रसँग मिलेर काम गरिरहेको छ।"

"हामी नेपालको हरित, उत्थानशील र समावेशी विकासलाई सहयोग गर्न सरकारले चालेका योजनाबद्ध सुधारका कदमहरूलाई स्वागत गर्दछौं । यस सङ्कटबाट थप बलियो बनेर निस्कनका लागि नेपालका लागि यो एक आधार हुनेछ", माल्दिभ्स, नेपाल, र श्रीलङ्काका लागि विश्व बैंकका निर्देशक फारिस हदाद-जर्भोसले भने । उनले विशेषगरी दिगो र उत्थानशील पुनर्लाभलाई सहयोग पुऱ्याउन, नेपालको निर्यात सम्भाव्यतालाई हासिल गर्न टेवा पुग्ने लगानीका लागि सरकार र विकास साझेदारहरूसँग निरन्तर सहकार्यका लागि तत्पर रहेको बताए।

नोभल कोरोना भाईरस (COV-ID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरलाई सूचित गरिन्छ ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# कोरोनाबाट दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

गण्डकी प्रदेशमा कोरोना सङ्क्रमणबाट सोमबार दुईको मृत्यु भएको छ। तनहुँ र कास्कीका एक/एक पुरुषको कोरोना सङ्क्रमणबाट मृत्यु भएको हो।

तनहुँको शुक्लागण्डकी नगरपालिकाका ५१ वर्षीय पुरुषको चरक मेमोरियल अस्पतालमा मृत्यु भएको स्वास्थ्य निर्देशक डा विनोदविन्दु शर्माले जानकारी दिए। ती पुरुषमा यही चैत २३ गते कोरोना संक्रमण पुष्टि भएको थियो।

कास्कीको पोखरा महानगरपालिकाका ७८ वर्षीय पुरुषको पनि चरक मेमोरियल अस्पतालमा मृत्यु भएको छ। उनमा चैत २० गते कोरोना संक्रमण पुष्टि भएको थियो।

यसै गरी पृथ्वी राजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-४ ठाँटीटारमा मोटरसाइकलबाट खसेर सोमबार एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा म्याग्दे गाउँपालिका-६ छबिसे बस्ने ५५ वर्षीय सानुमाया सार्की रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

थर्पु बजारबाट छबिसेतर्फ जाँदै गरेको ग ७ प ५३२३ नम्बरको मोटरसाइकलबाट खसेर मोटरसाइकलमा सवार सार्कीको मृत्यु भएको हो। मोटरसाइकलबाट खसेर घाइते उनको पोखरास्थित फेवासिटी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक प्रहरी नियन्त्रणमा छन् ।

# ५५९ जना...

नेपालमा अहिलेसम्म उपचारपछि निको भएर घर फर्किनेको सङ्ख्या दुई लाख ७४ हजार १६५ पुगेको छ। निको हुने दर भने ९७ दशमलव सात प्रतिशत रहेको छ।

अहिले देशभर तीन हजार ३०६ सक्रिय सङ्क्रमित छन् । उनीहरूमध्ये ८५ क्वारेन्टिनमा छन् । बाँकी आइसोलेशनमा छन् । हालसम्म नेपालमा २३ लाख १७ हजार २८४ को पिसिआर परीक्षण भएको छ। पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणका कारण आठ जनाको मृत्यु भएको छ। योसँगै नेपालमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ३ हजार ५३ पुगेको मन्त्रालयले जनाएको छ।




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# अग्रसर दिदिबहिनीको शुभकामना आदान–प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

अग्रसर दिदिबहिनी समुह पोखरा ६ बैदामले आउदै गरेको नयाँबर्ष २०७८ सालको उपलक्ष्यमा शुभकामना आदान प्रदानकार्यक्रम सोमबार सम्पन्न गरेको छ।

आउँदै गरेको नयाँबर्षले प्रत्येक नेपालीको घरदैलोमा नयाँ उमङ्ग र विश्वमा फैलिएको रोगबाट विश्वले चाडै मुक्तहोस र संसारमा छरिएर रहेको प्रत्येक नेपालीको स्वास्थ्थ र दिर्घायु रहुनभन्ने उदेश्यले उक्त कार्यक्रमको आयोजना गरिएको समुहकी अध्यक्ष शान्ति पहारीले बताएकी छन। प्रमुख अतिथि संस्थाका संरक्षक तथा पर्यटन ब्यबसायी प्रभा पौडेल सुवेदीले नयाँ बर्षले नेपाल सहित संसारमा फैलिएको कोरानाबाट छिटो भन्दा छिटो मुक्तिपाउने विश्वास गर्दै हामीहरुले नयाँबर्ष मनाउदा स्वास्थ्यलाई ख्याल गरि मनाउन



आग्रह गरिन।

समुहकी अध्यक्ष शान्ति पहारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष शान्ता तिमिल्सीना सचिब विनिता बराल सचिब लिला तिमिल्सीना कोषाअध्यक्ष शारदा लम्साल सहकोषाअध्यक्ष संगिता पहारी र सदस्यहरु जयातिवारी,जयन्ति आर्चाय, चन्द्रकला पहारी र शोभा जलारी लगाएतका बक्ताहरुले नयाँ बर्षले प्रत्येक नेपालीहरुको ओठमा नयाँ मुस्कानको कामना गर्दैविश्वमा फैलिरहेको कोरोना बिश्वबाट छिटै हटेर जानेविश्वास ब्यक्त गर्दै आफ्ना भनाइहरु राखेका थिए।

# बेनीमा नयाँ विधिबाट फोहोर व्यवस्थापन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३० चैत**

म्याग्दीको सदरमुकाम बेनी बजारमा नयाँ विधिबाट फोहोर व्यवस्थापन हुन थालेको छ।

नगरपालिकाको वडा नम्बर ७ र ८ मा पर्ने बेनी बजारका घरबाटै कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै भाँडोमा सङ्कलन र व्यवस्थापन गर्न थालिएको हो। नगरप्रमुख हरिकुमार श्रेष्ठले फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन नयाँ विधि अपनाइएको बताउनुभयो। "बेनीका एक हजार घरधुरीलाई रातो र हरियो रङको दुई वटाका दरले डस्टबिन वितरण गर्न थालेका छौँ", उहाँले भन्नुभयो, "घरका सबै फोहोर ती डस्टबिनमा सङ्कलन गरेर राखिन्छ। हरियो डस्टबिनमा कुहिने र रातोमा नकुहिने फोहोर सङ्कलन हुन्छ।"

नगरपालिकाका कर्मचारी कृष्ण शाक्यले 'कम्प्याक्टर' र ट्र्याक्टरले आलोपालो गरेर कुहिने र नकुहिने फोहोर घरघरमै पुगेर सङ्कलन गर्ने व्यवस्था मिलाइएको बताउनुभयो। "कुहिने फोहोरलाई मल बनाउने र नकुहिनेलाई कवाडीमा बिक्री गर्ने योजना छ", उहाँले भन्नुभयो, "फोहोर व्यवस्थापन शुल्क तिरेका घरधनीले मात्र डस्टबिन पाउनेछन्।" नगरपालिकाले ठेक्का प्रक्रियामार्फत रु १३ लाख ७६ हजारमा खरिद गरेको डस्टबिन घरधनीलाई आइतबारदेखि वितरण शुरु गरिएको छ।

नगरप्रमुख श्रेष्ठले वडा नम्बर ७ को वीरेन्द्रचोक टोल सुधार समितिअन्तर्गतका घरधनीलाई डस्टबिन उपलब्ध गराएर वितरण कार्यको शुरुआत गर्नुभएको थियो।

घरबाटै कुहिने र नकुहिने फोहोर छुट्टाएर सङ्कलन गरिँदा केन्द्रमा लगेपछि व्यवस्थापन गर्न सहज हुने बताइएको छ। यसअघि कुहिने र नकुहिने सबै फोहोरसँगै सङ्कलन गर्दा व्यवस्थापन गर्न असहज भएको थियो। बेनी बजारमा गरिएको अभ्यास सफल भएपछि गलेश्वर र तातोपानी बजारको फोहोर व्यवस्थापन गर्न पनि यस्तै विधि अपनाउने नगरप्रमुख श्रेष्ठले बताउनुभयो।

नगरपालिकाले रातोपहिरोमा दुई वर्षअघि फोहोर व्यवस्थापन केन्द्र निर्माण गरेको थियो। रु ४७ लाखमा फोहोर सङ्कलन गर्ने टहरा निर्माण र घेराबार गरिएको छ। कालीगण्डकी नदीको किनारभन्दा माथि र बेनी-गलेश्वर सडकभन्दा तल पर्ने सार्वजनिक जग्गा सम्याएर भवन बनाइएको छ। केन्द्रमा कुहिने र नकुहिने फोहोर व्यवस्थापन गर्ने फरक-फरक ठाउँ बनाइएको छ।

कालीगण्डकी र सडकमा आवतजावत गर्नेलाई असर नपर्ने तथा दुर्गन्ध नआउने गरी फोहोर व्यवस्थापन गर्ने भनिए पनि कुहिने र नकुहिने फोहोर छुट्टयाउन नसक्दा प्रभावकारी बन्न सकेको थिएन्।

कुहिने फोहोरलाई दुर्गन्ध आउन नदिने प्रविधिको प्रयोग गरी मल बनाएर बिक्री गरी आम्दानी गर्ने योजना रहेको नगरप्रमुख श्रेष्ठले बताउनुभयो। बेनी र गलेश्वर बजारबाट दैनिक तीन ट्र्याक्टरभन्दा बढी फोहोर सङ्कलन हुने गरेको छ।

# डढेलोले वनै खायो...

**–सन्तोष गौतम**
**म्याग्दी, ३० चैत (रासस)**

म्याग्दीमा एक हजार छ सय हेक्टर भन्दा बढी क्षेत्रफलको वन डढेलोले सखाप पारेको छ। लामो खडेरीसँगै सामुदायिक, राष्ट्रिय, आरक्ष र संरक्षण क्षेत्रका वनमा केही दिनयता डढेलो लाग्ने क्रम बढेको छ। डिभिजन वन कार्यालयका अनुसार आइतबारसम्म म्याग्दीको ११४ ठाउँमा एक हजार ६३८ हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ।

सहायक वन अधिकृत नरबहादुर क्षेत्रीले दैनिक पाँच/छ ठाउँमा डढेलो लागिरहेको बताउनुभयो। "बस्ती नजिकैका प्रायः सबै भीर र जोडिएको जङ्गलमा डढेलो छ," सहायक वन अधिकृत क्षेत्रीले भन्नुभयो, "डढेलो नलगाउने प्रचलन रोक्न अनेक प्रयत्न गरियो तर सफल भएको छैन्।" चैत महिना शुरु भएदेखि डढेलो बढेको क्षेत्रीले बताउनुभयो।

धौलागिरि, मङ्गला र मालिका गाउँपालिकाको उपल्लो भेगका प्रत्येक बस्ती नजिकैका वनमा डढेलो लागेको छ। वनपाखा र भीरमा लागेको डढेलोको धुवाँ र कच्ची सडकमा गाडीले उडाउने धुलोले वायु प्रदूषण बढेको छ। बेनीको वायुमा १२५ पीएम प्रदूषण देखिएको छ।

राम्रो घाँस पलाउने गलत बुझाइका कारण गोठालाले वनमा डढेलो लगाउने गर्छन्। वन्यजन्तुको चोरी शिकारी गर्ने समूहले पनि वनमा आगो लगाउने गरेको कार्यालयले जनाएको छ। डढेलोका कारण वन्यजन्तु र पक्षीको बासस्थान नष्ट भएको छ। कतिपय वन्यजन्तु र पक्षीले डढेलोमा ज्यान गुमाएका छन्। जडीबुटी र स-साना बिरुवा आगोले जलेर नष्ट भएको छ।

वन डढेलो नियन्त्रण गर्न जिल्लास्तरीय एक र छ वटै स्थानीय तहमा सब-डिभिजन डढेलो नियन्त्रण सञ्जाल गठन भएका छन्। वन कार्यालयको अभिलेखअनुसार डढेलो नियन्त्रण गर्न सुरक्षाकर्मी र वन कर्मचारीलाई खाजा मात्र रु एक लाख ५० हजार खर्च भइसकेको छ। डढेलो लागेको सूचना दिन सञ्जालका पदाधिकारीलाई १५ हजारको रिचार्ज कार्ड बाँडेको छ। "खडेरीसँगै वनमा डढेलोको खबर आउन थालेको छ," निमित्त डिभिजन वन अधिकृत सन्तोष खनालले भन्नुभयो, "सामुदायिक वनमा अलि कम छ, राष्ट्रिय वन जोगाउन मुस्किल छ। सामान्य सुकेको घाँस र सतहको पातपतिङ्गर मात्र जले समस्या होइन, बिरुवाको जरा नै जल्ने गरी डढेलो फैलिएको छ।" म्याग्दीको दुई लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफलमध्ये ३६.७६ प्रतिशत वन, १.८५ झाडी, २१.२७ प्रतिशत क्षेत्र चरन क्षेत्रले ओगटेको छ। ढोरपाटन सिकार आरक्षले एक हजार २६० हेक्टर, एक्यापले तीन हजार ७५३ हेक्टर वन क्षेत्र ओगटेको छ। वन कार्यालयले व्यवस्थापन गर्ने ७९ हजार ४३९ हेक्टर वनमध्ये २४ हजार २०२ हेक्टर वन ३१० वटा सामुदायिक वन उपभोक्ता समूहमार्फत व्यवस्थापन हुँदै आएको छ। जिल्लामा करीब पाँच हेक्टर कबुलियत, धार्मिक र निजी वन छ। बाँकी सबै राष्ट्रिय वन हो। "वन डढेलो नियन्त्रण गर्ने विभिन्न कार्यक्रम भए पनि प्रभावकारी कार्यान्वयन भएको छैन," खनालले भन्नुभयो, "डढेलोको राम्रो अभिलेख पनि हामीसँग छैन। कर्मचारी त खटाएका छौँ तर सूचना आएको छैन। बस्तीभन्दा धेरैमाथि राष्ट्रिय वन भएकाले पनि नियन्त्रणमा चुनौती छ।" गत वर्षको तुलनामा यस वर्ष वनमा धेरै मात्रामा डढेलो लागेको छ। आगलागीका कारण रुख बिरुवासँगै वन्यजन्तुको पनि नाश भइरहेको छ। वनमा लागेको आगलागीका कारण आसपासका बस्तीसमेत जोखिममा परेका छन्। जलवायु परिवर्तन हुनु र लामो समय खडेरी पर्दा सुक्खा भई धेरै आगलागी हुने गरेको खनालको भनाइ छ।

# भारतमा कोभिड-१९ बाट मृत्यु हुनेको संख्या एक लाख ७० हजार नाघ्यो

**रासस**
**काठमाडौं, ३० चैत**

भारतमा कोरोना भाइरसको सङ्क्रमणको कारण एकैदिनमा ९०४ जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुने व्यक्तिको सख्या १ लाख ७० हजार नाघेको छ। कोरोना शुरु भएयता हालसम्म भारतमा एक लाख ७० हजार १७९ जनाको मृत्यु भएको केन्द्रीय सरकारले सोमबार जानकारी दिएको छ।

गत २४ घण्टामा भारतमा १ लाख ६८ हजार ९१२ जनामा थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण देखिएको छ। यो संख्या भारतमा कोरोना भाइरस शुरु भएयता कै सव भन्दा धेरै भएको सरकारी स्रोतले सोमाबार जनाएको छ। पछिल्लो केहीदिनदेखि भारतमा दैनिक एक लाखभन्दा बढी सङ्क्रमित भएका छन्। यो तथ्याङ्कले भारतमा नयाँ सङ्क्रमितहरुको सख्या दैनिक रुपमा बद्दै गएको देखाएको छ।

आइतबार भाइरस सङ्क्रमणको कारण ९०४ जनाको मृत्यु भएको छ। यसवर्ष शुरु भएपछि हालसम्मको तथ्याङ्कलाई हेर्दा यो संख्या सब भन्दा उच्च हो। भारतका कुल सङ्क्रमितको संख्या १ करोड ३५ लाख २७ हजार ७१७ जना भएको जनाइएको छ।सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या १२ लाख १ हजार भन्दा बढी रहेको छ। यद्यपी एक करोड २१ हजार ५७ हजार भन्दा बढी कोरोना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ बाट कोरोनाविरुद्ध खोपको शुरुवात भएको थियो। सो समयदेखि हालसम्म १० करोड ४५ लाख २८ हजार ६६५ व्यक्तिहरु खोप लगाइसकेका छन्।

# आङ सान सुकीमाथी छ ओटा नयाँ आरोप

**रासस**
**काठमाडौं, ३० चैत**

म्यान्मारमा सेनाको 'कू' पछि अपदस्थ गरिएका नागरिक नेता आङ सान सुकीलाई सोमबार नयाँ फौजदारी अभियोग लगाइएको उहाँका वकीलले जानकारी दिएका छन्।

उहाँमाथि ६ वटा थप मुद्दामा अभियोग लगाइएको छ। न्यापिटअ पाँच र याङ्गु एउटा मुद्दा लगाइएको उहाँका वकील मीन मीन सो एएफपीलाई बताएका छन्। पछिल्लो आरोप मुलुकको प्राकृतिक प्रकोप व्यवस्थापन कानून अन्तर्गत रहेको पनि वकीलले थप जानकारी दिएका छन्।

म्यान्मारको उत्तरपूर्वी बगो सहरमा सैन्य शासनविरुद्ध भएको प्रदर्शनमा सेनाले प्रत्यक्ष बल प्रयोग गर्दा हिजो मात्र कम्तीमा ८० जनाको मृत्यु भएको थियो।म्यान्मारमा गत माघ १९ मा देशको शासनसत्ता आफ्नो हातमा लिएपछि सेनाको कारबाहीमा ६०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ।

सेनाले निर्वाचनका बेला ब्यापक धाँधली भएको दाबी गर्दै आएको छ। उक्त चुनावमा आङ सान सुकी र उहाँको 'नेशनल लिग फर डिमोक्र्याासी' दल निर्वाचित भएको थियो। निर्वाचन आयोगले धाँधलीको उक्त दाबीलाई खारेज गरिदिएको थियो।

# सामुदायिक प्रहरी सेवा माटेपानीमा नव वर्षको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी -१२ को आयोजनामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत नव वर्ष २०७८ सालको शुभकामना आदन प्रदान गरिएको छ।

सोही दिन २०७८ सालको भित्तेपात्रो विमोचन कार्यक्रम सामुदायिक सेवा केन्द्र माटेपानी -१२ को सभाहलमा सोमवार सम्पन्न भयो। वडा नं. १२ का वडा अध्यक्ष राम बहादुर कार्कीले भित्तेपात्रो बिमोचन गर्दै कार्यक्रम शुभारम्भ गरेक थिए। सामुदायिक



सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा -१२ माटेपानीका अध्यक्ष बल बहादुर कार्की को अध्यक्षयतामा भएको कार्यक्रमको रामबजारका कार्यालय प्रमुख प्रहरी निरिक्षक प्रकाश थापा, सामदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष बोधराज कार्की, केन्द्रका संस्थापक अध्यक्ष मायादेवी तभ्या, केन्द्रका निवर्तमान अध्यक्ष कृष्ण प्रसाद आचार्य, केन्द्रका सल्लाहकार बिश्वलाल श्रेष्ठ, टिका बहादुर कार्की, अधिवक्ता गिता आचार्य , पोखरा -१२ सितलादेवी आमासमुहका अध्यक्ष कल्पना कार्की लगायतले कार्यक्रममा आ-आफ्नो भनाई राखेका थिए।

कार्यक्रममा सामुदायिक सेवा केन्द्रका पदाधिकारी प्रहरी इन्चार्ज प्रहरी जवान ढिकालेथर सेवा समिति, सरस्वती टोल बिकास संस्था, आमा समुहहरु, टोल बिकास संस्था, युवा क्लब,समाज सेवीहरु समेत उपस्थिति रहेको कार्यक्रममा महिला २३ जना पुरुष २७ जना जम्मा ५० जना उपस्थिति रहेको कार्यक्रमको स्वागत मन्तब्य उपाध्यक्ष मिरा देवी आचार्य र कार्यक्रम संचालन सचिब इन्दिरा पन्तले गरेकी थिइन।

# पर्वतका ३२ वनमा आगलागी

**पोखरापत्र संवाददाता**
**पर्वत, ३० चैत**

गर्मीयाम शुरु भएसँगै देशका विभिन्न ठाउँमा आगलागीका घटना बढेका छन्। लामो समय खडेरी पर्नु र हावाहुरीलगायतका कारण आगलागीका घटना बद्धदै गएका हुन्। पर्वतमा यस वर्ष करीब २०० हेक्टरभन्दा बढी क्षेत्रफलको वनमा आगलागी भएको छ।

जिल्ला वन कार्यलयको तथ्याङ्कअनुसार पर्वतका करीब ३२ वटा सामुदायिक वनमा यसवर्ष आगलागी भएको छ। गर्मीसँगै हावाहुरी बढी चल्ने हुँदा आगो उडाएर घर तथा वन क्षेत्रमा आगलागी हुने गरेको वन कार्यलयले जनाएको छ। कार्यलयका अनुसार पर्वतमा वर्सेनि सयौं हेक्टर जमीनमा आगलागी हुने गरेको छ।

वनमा लागेको आगलागीका कारण आसपासका बस्तीसमेत जोखिममा परेका छन्। डिभिवन वन कार्यलय पर्वतका प्रमुख मेघराज पौडेलका अनुसार समयमा पानी नपर्नु र मानिसको हेलचक्र्याइँले गर्दा वनमा धेरै डढेलो लागेको हो। मानिसले व्यक्तिगत जग्गामा पातपतिङ्गर पोलेर छाड्दा होस् या सडक बढारेको फोहर नालीमा फालेर आगो लगाउँदा होस् यस्तो समयमा धेरै आगलागी हुने गरेको छ। गत वर्षको तुलनामा यस वर्ष वनमा धेरै मात्रामा डढेलो लागेको छ। आगलागी भएका वनमा सामुदायिक नै धेरै छन्। पौडेलले भन्नुभयो, "जनचेतना र प्रचारप्रसारको कमी हुँदा वनमा धेरै आगलागी भएको छ। यसको नियन्त्रणका लागि कार्यलय सक्रियताका साथ लागेको छ।"

पौडेलले सबै सरोकारवाला निकायको समन्वय, सामुदायिक वनको सञ्जाल, स्थानीय प्रशासन र स्थानीय बासिन्दासँगको समन्वयमा आगलागी हुने वित्तिकै निभाउन जाने गरिएको बताउनुभयो। पछिल्लो समय डिभिजन वन कार्यालयले माइकिङ, रेडियो तथा पत्रपत्रिकाबाट प्रचारप्रसारलाई तीव्रता दिएको जनाएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

**हार्दिक समवेदना**



जन्मः
वि. स. १९८८/०५/०४ गते

स्वर्गारोहणः
वि.स. २०७७/१२/१९ गते

**स्वः लक्ष्मी सुवाल**

यस ज्ञान मार्ग स्वतन्त्र महिला समुहकी सदस्यद्धय विना सुवाल र अन्जु सुवालको ममतामयी सासुआमा **लक्ष्मी सुवाल** को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण हुनु भएको दुःखत घडिको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान होस भनी हार्दिक समबेदना ब्यक्त गर्दछौं।

शान्ती द्धा
अध्यक्ष तथा
**ज्ञान मार्ग स्वतन्त्र महिला समुह**
पोखरा, नदिपुर-३, ज्ञानमार्ग